# संस्था दर्ता नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३४।११।२

संशोधन :

| | | |
|---|---|---|
| १. | संस्था दर्ता (पहिलो संशोधन) नियमावली, २०४२ | २०४२।७।२६ |
| २. | संस्था दर्ता (दोस्रो संशोधन) नियमावली, २०४६ | २०४६।५।२६ |
| ३. | संस्था दर्ता (तेस्रो संशोधन) नियमावली, २०४९ | २०४९।२।१२ |
| ४. | संस्था दर्ता (चौथो संशोधन) नियमावली, २०५० | २०५०।२।२५ |
| ५. | संस्था दर्ता (पाचौं संशोधन) नियमावली, २०५४ | २०५४।८।१६ |
| ६. | संस्था दर्ता (छैठौं संशोधन) नियमावली, २०५८ | २०५८।७।६ |
| ७. | संस्था दर्ता (सातौ संशोधन) नियमावली, २०५९ | २०५९।१०।२७ |
| ८. | संस्था दर्ता (आठौं संशोधन) नियमावली, २०६० | २०६०।८।१५ |

संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "संस्था दर्ता नियमावली, २०३४" रहेको छ ।

(२)यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले संस्था दर्ता ऐन, २०३४ सम्झनुपर्छ ।

नेपाल कानून आयोग

३. दर्ताको लागि निवेदन : ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले σएकहजार रुपैंया दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची -१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. संस्थाको दर्ता र प्रमाण-पत्र : नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

■५. दर्ताको अवधि, नवीकरण र दस्तुर : (१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट σपाँचसय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. ५००।- को दरले दुई आर्थिक वर्षको लागि रु. १,०००।-

σ आठौं संशोधनद्वारा संशोधित ।
■ चौथो संशोधनद्वारा संशोधित ।

λ(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई ✄.............. नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने निवेदन दिन आएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि एकसय रुपैंया दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(७) उपनियम (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी स्थानीय अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

---

λ पाँचौं संशोधनद्वारा संशोधित ।
✄ आठौं संशोधनद्वारा झिकिएको ।
द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"नेपाल सरकार" को सट्टा "नेपाल सरकार" ।

अनुसूची – १

(नियम ३ सँग सम्बन्धित)

निवेदनपत्रको ढाँचा

श्री स्थानीय अधिकारी,

................. कार्यालय ।

महोदय,

हामीले .............................. सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :-

२. संस्थाको उद्देश्यहरु :-

(क)

(ख)

(ग)

३. प्रबन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |

नेपाल कानून आयोग

(ग)

४. आर्थिक स्रोत :-

५. कार्यालयको ठेगाना :-

मिति :- भवदीय,

पदाधिकारीहरुको नाम:

नेपाल कानून आयोग

# अनुसूची-२

(नियम ४ सँग सम्बन्धित)

## दर्ता किताबको ढाँचा

### संस्थाको दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

नेपाल कानून आयोग

अनुसूची-३

(नियम ४ सँग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

............................ ।

.................................. (संस्थाको नाम) संस्था दर्ता ऐन, २०३४ को दफा ४ बमोजिम .......... साल .......... महिना .......... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही:-

पूरा नाम :-

दर्जा :-

कार्यालय :-

नेपाल कानून आयोग

## नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

नेपाल कानून आयोग